

सुनिलस्मृति गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः १० मितिः २०८२।०९।२८

भाग-२

सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यबिधि २०८२

प्रस्तावनाः

सामुदायिक सिकाइ केन्द्र साञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ मा व्यवस्था भए बमोजिम सिकाइ केन्द्र सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकन, नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको, सामुदायिक सिकाइ केन्द्रका परिचालकको छनौट एवम् सिफारिस पद्धति लाई व्यवस्थित बनाई सामुदायिक सिकाइ केन्द्रको गुणस्तर अभिवृद्धि गर्न बाञ्छनीय भएकोले सुनिलस्मृति गाउँपालिकाद्वारा यो कार्यविधि स्वीकृत गरी यो लागू गरिएको छ ।

परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम " सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सिकाइ केन्द्र" भन्नाले सामुदायिक सिकाइ केन्द्रलाई सम्झनुपर्दछ ।

(ख) "विषय विशेषज्ञ" भन्नाले सुनिलस्मृति गाउँपालिकाले गाउँपालिका अनुदान शिक्षक, करार शिक्षक तथा कर्मचारी

छनौट गर्नका लागि सुचिकृत गरेका विषय विशेषज्ञहरु सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका, सुलिचौर, रोल्पालाई सम्झनुपर्दछ ।

(घ) सिकाइ केन्द्र सामुदायिक परिचालक भन्नाले सिकाइ केन्द्र सहयोगी, सिकाइ केन्द्र सहायक वा सामुदायिक परिचालकका सिकाइ केन्द्रमा नियमित हाजिर भई पारिश्रमिक लिई काम गर्ने जुनसुकै सामुदायिक परिचालकलाई पनि सम्झनुपर्दछ ।

(ङ) गाउँ शिक्षा समिति भन्नाले सुनिलस्मृति गाउँपालिकाको गाउँ शिक्षा समिति लाई सम्झनुपर्दछ ।

(छ) करार सामुदायिक परिचालक छनौट तथा सिफारिस समिति भन्नाले गाउँपालिकाले गठन गरेको
समितिलाई सम्झनुपर्छ ।

परिच्छेदः २

परिचालक छनौट तथा सिफारिस समितिको संरचना :

३. करार सामुदायिक सिकाइकेन्द्र परिचालक छनौट समितिः

सामुदायिक सिकाइ केन्द्रमा करार सेवामा सामुदायिक परिचालक नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सामुदायिक परिचालक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत —अध्यक्ष

(ख) सिकाइ केन्द्र व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको एक जना सदस्य —सदस्य

(ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य

(घ) छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको विज्ञ (एक जना) -सदस्य

(ङ) शिक्षा सम्बन्धी काम गर्ने अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(च) समितिको बैठकमा दुई जना सम्म आमन्त्रित गर्न सकिनेछ ।

४. **सामुदायिक परिचालक छनौट समितिको सचिवालयः**सुनिलस्मृति गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ । समितिले प्रचलित मापदण्ड अनुसार पारिश्रमिक पाउनेछ ।

५. **मापदण्ड पालना गर्नुपर्ने :** गाउँपालिकाले सामुदायिक परिचालक छनौट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए वा गरेमा सामुदायिक परिचालक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधि पालना गर्नुपर्नेछ।

६. **बैठक सञ्चालन गर्ने विधिः** सामुदायिक परिचालक छनौट समितिको बैठक सम्वन्धी अन्य कार्यविधि प्रचलित कानुन विपरित नहुने गरि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद ३

विषय विशेषज्ञको माग गर्ने

७. विषय विशेषज्ञ सम्बन्धी व्यवस्था :

(क) यस सुनिलस्मृति गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरुमा करार सेवामा सामुदायिक परिचालक छनौट तथा सिफारिस गर्न सुनिलस्मृतिगाउँपालिकाले गाउँपालिका अनुदान शिक्षक,करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सुचिकृत गरेका विषय विशेषज्ञहरुको सहयोग लिन सक्नेछ ।

(ख) सामुदायिक परिचालक छनौट तथा सिफारिसका लागि लिइने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ मा तोकिएको कार्यक्षेत्र अनुसार प्रर्याप्त तयारी गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने र अन्तरवार्ता लिने काम सूचीकृत विषय विशेषज्ञबाट दफा ३ बमोजिमको समितिको उपस्थितिमा हुनेछ ।

परिच्छेद-४

८. सामुदायिक परिचालक सिफारिस तथा सेवा सर्त सम्बन्धी व्यवस्था :

(१) सामुदायिक परिचालक करार सेवामा पदपूर्ति गर्दा सामुदायिक सिकाइ केन्द्रको करार सामुदायिक परिचालक छनौट कार्यविधिको दफा ३ वमोजिमको समितिवाट हुनेछ ।

(२) करार सामुदायिक परिचालक छनौटको लागि विषय विशेषज्ञको रूपमा सम्भव भएसम्म सम्बन्धित सिकाइ केन्द्रको सेवा क्षेत्र भित्रको मनोनीत गर्न पाईने छैन ।

(३) विज्ञापन अनुसार दरखास्त प्राप्त भएपछि छानबिन गरी रित पुगेका दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेश पत्र प्रदान गर्नुपर्नेछ, साथै स्वीकृत नामावलीको सुची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनुपर्नेछ ।

(४) परीक्षाको प्रश्नपत्र अनुसुची २ मा भएको पाठ्यक्रम र सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ वमोजिम हुनेछ ।

(५) सामुदायिक सिकाई केन्द्रमा सामुदायिक सिकाइ केन्द्रका परिचालकको योग्यता सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ मा भएको व्यवस्था बमोजिम हुनुपर्नेछ ।

(६) सामुदायिक परिचालकको रुपमा छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त सामुदायिक परिचालकको पदावधि सुरुमा बढीमा एक वर्षको लागि हुनेछ । सेवाको अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्य सम्पादनको आधारमा सिकाइकेन्द्रको व्यवस्थापन समितिले करार थप गर्न वा नगर्न सक्नेछ, साथै यस प्रक्रियाबाट सेवामा करार गरेका कार्यरत परिचालकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा गाउँपालिकाको सिफारिसमा निजसँगको करार सम्झौता जुनसुकैबेला सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले भङ्ग गर्न सक्नेछ वा निजलाई अन्य कामकाजमा खटाउन वा अन्य सिकाइ केन्द्रमा खटाउन सकिनेछ ।

उपदफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापन समितिलाइ सूचना नदिइ लगातार १५ दिन भन्दा बढि अनुपस्थित रहेमा व्यवस्थापन समितिले करार भंग सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

परिच्छेद-५

९. छनौट परीक्षा, अन्तरवार्ता योग्यताक्रम र सेवा करार सम्बन्धी व्यवस्था :

(१) यस कार्यविधिको दफा ३ बमोजिमको समितिले सामुदायिक परिचालक छनौट गर्दा लिखित, अन्तरबार्ता र आवश्यकता अनुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्युनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेद्वारलाई नियुक्तिका लागि सिफारिस गर्ने र दोस्रो उच्चतम अंङ्क प्राप्त गर्ने उमेदवारलाई वैकल्पिक उम्मेदवार सहित सिकाइ केन्द्र व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) नियम १ बमोजिम छनौट तथा सिफारिस भएका उम्मेदवारलाई सिकाइ केन्द्र व्यवस्थापन समितिले निर्णय गरी अनुसुची १ बमोजिम करार सम्झौता गरी सेवामा नियुक्त गरी कामकाजमा खटाउनेछन् । नियुक्ति पत्र बुझेको मितिले बढीमा सात दिनभित्र सम्बन्धित सिकाइ केन्द्रमा करार नियुक्ति भएको व्यक्ति हाजिर हुनुपर्नेछ, र सिफारिस भई आएको सामुदायिक परिचालकलाई नियमित कामकाज गर्न लगाई सिकाइ केन्द्रका अध्यक्षले सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

(३) तपसिल बमोजिमको अवस्थामा सिकाई केन्द्र व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई करारमा नियुक्ति गर्न सक्नेछ ।

क) सिफारिस गरेको उम्मेद्वारले १५ दिनको समय भित्र पनि नियुक्ति नलिएमा ।

ख) सिफारिस गरेको उम्मेद्वारको १वर्ष भित्रमा मृत्यु भएमा ।
ग) सिफारिस गरेको उम्मेद्वारले १ वर्ष भित्रमा राजिनामा दिएमा ।
घ) सिफारिस गरेको उम्मेद्वारले नियुक्ति लिएको ७ दिन भित्र हाजिर नभएमा ।

परिच्छेद-६

१०. सामुदायिक परिचालको सेवा, सर्त, सुविधा सम्बन्धी व्यवस्था :

(१) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकको मासिक तलव नेपाल सरकार र सुनिलस्मृति गाउँपालिकाले तोकेबमोजिम हुनेछ । नेपाल सरकार तथा पालिकाले तोकेबमोजिमको रकम पोशाक खर्चका रुपमा उपलब्ध गराउन सकिनेछ ।
२) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकले बार्षिक ६ दिन क्या.बि.,१२ दिन विरामी, प्रचलित कानुन बमोजिम किरिया र प्रसुति विदा लिन सक्नेछन् ।
११. विविध :
(१) थपघट, व्याख्या र हेरफेर यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यकताअनुसार व्याख्या, थपघट र संशोधन गर्न सक्नेछ। साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा गाउँ शिक्षा समितिको निर्णय, सामुदायिक परिचालक सेवा सम्बन्धी र अन्य प्रचलित कानुनमा भएको व्यवस्था अनुसार हुनेछ ।

(२) खारेजी र बचाउ : (क) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

(ख) यस कार्यबिधि जारी हुनु अगाडी करार सेवामा सामुदायिक परिचालक नियुक्तिका लागि भएका प्रक्रिया यसै बमोजिम भएको मानिनेछ ।

(ग) स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकिय तथा अन्य पक्षको नियमित अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ ।

अनुसुची १
करार सम्झौता

श्री ..... सामुदायिक सिकाइ केन्द्र सुनिलस्मृति गाउँपालिका गाउँपालिका वडा नं.....रोल्पा(यसपछि पहिलो पक्ष भनिएको) र ..... जिल्ला सुनिलस्मृति गाउँपालिका बडा नं..... बस्ने श्री .....(यसपछि दोश्री पक्ष भनिएको) का बीच श्री ..... सामुदायिक सिकाइ केन्द्र सुनिलस्मृतिगाउँपालिका वडा नं..... रोल्पा..... सामुदायिक सिकाइ केन्द्र परिचालक पदमाकामकाज गराउन मिति ..... र ..... निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं।

१. कामकाज सम्बन्धमा दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको

समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थानः..... सामुदायिक सिकाइ केन्द्र सुनिलस्मृतिगाउँपालिकावडा नं.....
रोल्पा ।

३. करारमा काम गरे बापत पाउने पारिश्रमिक प्रत्येक महिना व्यतित भएपछि पहिली पक्षले दोश्रो पक्षलाई सरकारले तोकेका पाउने सेवा सुविधा उपलब्ध गराउनेछ ।

४. आचरणको पालना दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

५. बिदा दोस्रो पक्षलाई सार्वजनिक बिदा र परिच्छेद ६ मा उल्लेखित बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन। साथै सामुदायिक सिकाइ केन्द्रको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक विदाको दिनमा सामुदायिक सिकाइ केन्द्रमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्री पक्षलाई दिईनेछैन ।

६. सामुदायिक सिकाइ केन्द्रको सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपुर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको कागजपत्र, जिन्सी सामान एवम् गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो

पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यी करारमिति ..... देखि लागु भईमिति ..... सम्मको लागि हुनेछ । सामुदायिक सिकाइ केन्द्रको लागि अन्य व्यवस्था नभएको खण्डमा पुनः करार नविकरण गर्न सकिनेछ ।

९. कार्यसम्पादन मूल्यांकन पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मुल्यांकन गर्ने र सो मुल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुनसक्नेछ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई सेवा सर्त सम्वन्धी सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दाबी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कनै पनि पदमा नियुक्तिका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

१२.प्रचलित कानून लागू हुने यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

सामुदायिक सिकाइ केन्द्रको छापः

दोस्रो पक्षको तर्फबाट	पहिलो पक्षको तर्फबाट
हस्ताक्षरः	हस्ताक्षरः
नामः	नामः
पदः सामुदायिक परिचालक	पदः अध्यक्ष
ठेगानाः	सामुदायिक सिकाइ केन्द्रको नाम र ठेगाना

अनुसुचीः २

१०. सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालक करार पदपुर्ति सम्बन्धी कार्यविधि, २०८२ बमोजिमको पाठ्यक्रम

सुनिलस्मृति गाउँपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्रहरुमा रिक्त हुने सामुदायिक सिकाई केन्द्र परिचालक करारमा पदपुर्ति गर्न खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम ।

यस पाठपक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ ।

प्रथम चरण : लिखित परिक्षा (बस्तुगत र विषयगत)

दोस्रो चरणः- अन्तर्वार्ता

पत्र	विषय	पूर्णाङ्क	उत्तिर्णांक	परीक्षा प्रणाली	प्रश्नपत्र संख्या	समय
पहिलो	सेवा सम्बन्धी सामान्य ज्ञान	५०	४०	वस्तुगत	२५*२=५०	३० मिनेट
दोस्रो	सेवा सम्बन्धि विषयगत ज्ञान	५०		विषयगत	१०*५=५०	१ घण्टा ३० मिनेट

(क) पहिलो पत्रः (बस्तुगत)

१. अनौपचारिक शिक्षा कार्यक्रम

२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८

३. सामान्य ज्ञान, समसामयिक विषयवस्तुहरु

४. सामुदायिक सिकाइ केन्द्र सम्वन्धित नविनतम अभ्यासहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरु

५. सामुदायिक सिकाइ केन्द्रको परिचय, महत्व

६. नेपाल सरकारका सामुदायिक सिकाइ केन्द्र सम्बन्धित सञ्चालित विभिन्न कार्यक्रमहरु

७. नेपालको शिक्षाको तहगत संरचना, अनौपचारिक शिक्षा सम्बन्धि व्यवस्थाहरु

८. शिक्षा सम्बन्धि विद्यमान कानुनहरु

९. लेखा परिक्षण तथा अभिलेखन प्रक्रियाहरू

१०. इमेल, इन्टरनेट, नेपाली र अंग्रेजी टाइप ।

(ख) दोस्रो पत्रः (विषयगत)

१. अनौपचारिक शिक्षा, निरन्तर तथा जिवनपर्यन्त शिक्षा, महिला शिक्षा, अभिभावक शिक्षा, प्रौढ शिक्षा

२. आमा समुह, समुदायमा हुने अन्य विभिन्न बैठक, सभा सम्मेलन, आमा समुह, सहकारी बैठकहरु

३. बैठक आयोजना, निर्णय लेखन, निर्णय लेख्दा ध्यान दिनुपर्ने पक्षहरु, बैठक सचांलन गर्दा ध्यान दिनुपर्ने कुराहरु

४. अनौपचारिक शिक्षा सम्बन्धि नीति नियम, कानुनी दस्ताबेज, अनौपचारिक शिक्षा र औपचारिक शिक्षा बिचको फरक

५. आफ्नो सेवा क्षेत्र भित्रका शैक्षिक सास्कृतिक, प्राकृतिक, आर्थिक, वित्तिय, जनसाङ्ख्यिकिय बिबरणका सूचना तथा तथ्याङ्कहरुको अभिलेखिकरण

६. अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता सामुदायिक अभ्यास

७. सिकाई केन्द्र एक आजिवन सिकाई थलो (Life learning Hub)

८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८

१३. नमुना सामुदायिक सिकाई केन्द्रको विकास, नवप्रवर्तनात्मक कार्यक्रमहरु ।

१४. परियोजना प्रस्ताव निर्माण, कार्यक्रम योजना छनौट, स्विकृति र संचालन, सहभागितात्मक योजना तर्जुमा

१५. प्रभावकारी संचार र सिप अन्य संघ सस्थाहरु संगको सम्बन्ध

१६. सामुदायिक सिकाई केन्द्रको अभिलेख व्यवस्थापन, तथ्याङ्क प्रस्तुतिकरण, सिकाई केन्द्रको(Online Reporting)

१७. सामुदायिक क्रियाकलाप (सामुदायिक पुस्तकालय सञ्चालन, विद्यालय समकक्षी शिक्षा (School Equivalency Education) साक्षतरता विकास, समुह कार्य, सामुदायिक अपनत्वको विकास)

(ग) दोस्रो चरणः अन्तर्वार्ता

व्यक्तित्व (४), विषयवस्तुको ज्ञान (७), तार्किक क्षमता (४)

स्थानीय महिला भए (२), तोकिएको न्युनतम शैक्षिक योग्यता (प्रथम श्रेणी भए ३ अकः द्वितिय श्रेणी भए (२ अंक) तृतिय

श्रेणी भए (१ अंक) शैक्षिक अनुभव (प्रति वर्ष ०.५ का दरले बढिमा १० वर्षको ५ अंक)

द्रष्टव्यः-

१. लिखित परिक्षाको माध्यम भाषा नेपाली, अङ्ग्रेजी वा दुबै हुनसक्नेछ ।

२. परिक्षामा कुनै पनि प्रकारको बिद्युतिय सामग्री उपयोग गर्न पाइनेछैन ।

३. शैक्षिक अनुभवको गणना गर्दा प्रचलित कानुन बमोजिम पदमा काम गरेको जिम्मेबारी गणना गरिनेछ ।

४. परिचालिका छनौट सम्बन्धिको अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

५. यस पाठ्यक्रममा समाविष्ट विषयवस्तुहरू परिक्षाको मिति सम्म संसोधन भएका समसामयिक विषयवस्तुसमेत परेको सम्झनुपर्छ ।

आज्ञाले

नगेन्द्र प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत